**IMPORTANT NEWS**

Noticias importantes • Xov Xwm Tseem Ceeb • གལ་ཆེའི་གསར་འགྱུར། • 重要新闻 • महत्त्वपूर्ण समाचार

जुन १८, २०२४

नेपाली / *NEPALI*

# जुलाई महिनामा तलब बढुवा लागू हुने

जुलाई महिनामा, *UW–Madison* ले २०२३-२०२५ सालको तलब योजना अन्तर्गत योग्य कर्मचारीहरूलाई २ प्रतिशत ज्याला वृद्धि प्रदान गर्नेछ। संकाय, *Academic Staff, University Staff*, *Limited Appointees*, संयुक्त अनुसन्धानकर्ताहरू र अनुसन्धानका सहयोगीहरू तलब योजनाको लागि योग्य हुन सक्दछन्।

**यी तलब बढाई कसले पाउनेछन्?**
तलब बढाई पाउन योग्य हुनको लागि, कर्मचारीहरू आफ्नो कार्यपदमा जुन २९, २०२४ (१२ महिने नियुक्तिहरू) वा अगस्ट १८, २०२४ (९ महिने नियुक्तिहरू) मा कार्यरत हुनुपर्दछ। कर्मचारीहरूले आफ्नो कार्यपदको लागि आवश्यक कुनै पनि तालिम पूरा गरेको हुनुपर्दछ र आफ्नो अन्तिम कार्यसम्पादन मूल्याङ्कनमा पहिचान गरिएको कार्यसम्पादन अपेक्षाहरू पूरा गरेको हुनुपर्दछ। थप योग्यता मापदण्ड लागू हुन सक्दछन्।

**तलब बढाई कहिले प्रभावकारी हुनेछ?**
२ प्रतिशतको बढाई, १२ महिने नियुक्ति भएका कर्मचारीहरूका लागि जुन ३०, २०२४ मा लागू हुनेछन् र यी कर्मचारीहरूको जुलाई २५, २०२४ को आमदानी विवरणमा यो नयाँ तलब देखिनेछ। ९ महिने (शैक्षिक वर्ष) नियुक्ति भएका कर्मचारीहरूको लागि, यो बढाई अगस्ट १९, २०२४ मा लागू हुनेछन् र यो नयाँ सो कर्मचारीहरूको सेप्टेम्बर ५, २०२४ को आमदानी विवरणमा देखिनेछ। तलब बढ्ने कर्मचारीहरूले नयाँ तलब दरको लिखित सञ्चार पाउनेछन्।

यदि तपाईँसँग प्रश्नहरू छन् भने कृपया आफ्नो सुपरभाईजर वा विभागको मानव संसाधन प्रतिनिधिसँग कुरा गर्नुहोला।